# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
## १ नं. प्रदेश, नेपाल

### उद्यम विकास सहजकर्ता सेवा करारमा भर्ना सम्बन्धी सुचना

**प्रकाशित मिति २०७७।०८।२३**

बेलबारी नगरपालिकाको चालु आ.व.को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगत गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालनका लागि सेवा करारमा उद्यम विकास सहजकर्ता (प्राविधिक) कर्मचारी पदपूर्ति गर्नु पर्ने आवश्यक भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका कुनै बात कसुर नलागेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन दिनको ४:०० बजे भित्र र तपसिल बमोजिको आवश्यक कागजात सहित दरखास्त दिनहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क.स. | विज्ञापन नं. | पद | तह | सेवा/समुह | माग संख्या |
|---|---|---|---|---|---|
| १ | १२/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | सहायक पाँचौ | प्राविधिक | १ (एक) |
| २ | १३/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | सहायक चौथौ | प्राविधिक | १ (एक) |

1. **सेवाको किसिम र अवधि :**सेवा करार र अवधि २०७८ साल असार मसान्त सम्मको हुनेछ । कार्यक्रमको अवधि थप भएमा कार्य सम्पादनको आधारमा सेवा करार अवधि थप हुन सक्नेछ ।
2. **उमेदवारले आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरुः** (क) नेपाली नागरिकता प्रतिलिपि (ख) न्युनतम योग्यताको लब्धाङ्क, प्रमाणपत्र, (ग)चारित्रिक प्रमाणपत्र (घ) कार्य अनुभव भए सो खुल्ने कागजात (ङ) स्थाई बसोवास खुल्ने कागजात (च) राजस्व तिरेको रसिद (छ) पासपोर्ट साईजको फोटो ३ प्रति ।
3. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :** प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद ( CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उतिर्ण वा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त सिप परिक्षण तह ३ सहायक पाँचौका लागि र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त शिप परीक्षण तह २ उतिर्ण गरेको वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक परीक्षा (टिएसएलसी ) उतिर्ण गरेको सहायक चौथोको लागि ।
4. नेपाल सरकारले स्थापना गरेको श्रम सुचना बैंकमा सूचिकृत भएका उद्यम विकास सहजकर्तालाई प्राथमिकता दिइनेछ ।
5. **तलव सुविधा तथा अन्य सेवा शर्तः** सेवा करार सम्झौतामा तोकिए बमोजिम हुनेछ ।
6. **उमेरः** उम्मेदवारको दरखास्त दिने अन्तिम मिति सम्ममा पुरुष १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला हकमा ४० वर्ष ननाघेको ।
7. **उम्मेदवारको छनौट विधि : (क) प्रारम्भिक योग्यता छनौटः-** शैक्षिक योग्यता, कार्यअनुभव, कम्प्युटर सम्बन्धि ज्ञान, स्थानीय बसोवास र श्रम सुचना बैंकमा सुचिकृत भएकोलाई ग्राह्यता दिइनेछ ।
   **(ख) अन्तरवार्ताः-** (सम्बन्धित विषयवस्तु र सामन्यज्ञान) प्रारम्भिक योग्यता सुचीमा छनौट भएकालाई मात्र अन्तरवार्तामा सहभागी गराइनेछ ।
8. **फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः** बेलबारी नगरपालिकाको कार्यालय ।
9. परिक्षा दस्तुरः सहायक पाँचौ रु. ५०० (पाँच सय) र सहायक चौथौ रु. ३०० (तीन सय) मात्र ।
10. दरखास्त बुझाउने अन्तिम मितिः २०७७।०८।२९ गते दिनको ४:०० बजे सम्म ।
11. आवेदन स्वीकृत /अस्वीकृत तथा बिज्ञापन रद्द गर्ने सम्पुर्ण अधिकार बेलवारी नगरपालिकालाई हुनेछ । रित पुर्वक प्राप्त नभई अस्वीकृत भएका आवेदनको राजश्व फिर्ता हुने छैन ।
12. स्थाई पदपुर्ती भई आएमा यस विज्ञापनबाट लिईएका सेवा करारको समयावधि स्वतः समाप्त हुनेछ ।
13. रित नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परिक्षा दस्तुर नबुझाएको दरखास्त उपर कुनै कार्यवाही हुने छैन । झुट्टा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही स्वयं आफै हुनुपर्नेछ ।
14. आवेदनको ढाँचा र कार्य विवरण र अन्य जानकारीका लागि बेलवारी नगरपालिकाको प्रशासन शाखामा सम्पर्क राख्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**